

# महासन्धी नं. १८९

## घरेलु श्रमिकका लागि मर्यादित काम

**घरेलु काम पनि काम हो ।**
**घरेलु श्रमिकहरुलाई पनि अरु श्रमिकलाई जस्तै मर्यादित कामको व्यवस्था हुनुपर्छ ।**

१६ जुन, २०११, को अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले घरेलु श्रमिकका लागि मर्यादित कामको आवश्यकता महशुस गरी महासन्धी पारित गर्‍यो । जसलाई घरेलु श्रम महासन्धी, २०११ (नं. १८९) पनि भनिन्छ ।

## के हो महासन्धी नं. १८९?

### आईएलओको महासन्धी भनेको के हो ?

आईएलओका १८३ सदस्य मुलुकका सरकार, श्रमिक र रोजगादाताका प्रतिनिधिको सहभागीतामा अन्तर्राष्ट्रिय श्रम सम्मेलनले पारित गर्ने सन्धी नै आईएलओ महासन्धी हो ।

### महासन्धी नं. १८९ के हो ?

महासन्धी नं. १८९ घरेलु श्रमिकको विशेष सुरक्षाको प्रत्याभूति गराउने सन्धी हो । यो महासन्धीले श्रमिकका आधारभूत अधिकार सम्बन्धी सिद्धान्त अनुरुप राज्यले घरेलु श्रमिकहरुको मर्यादित कामलाई वास्तविकतामा परिणत गर्नका लागि विभिन्न उपायहरु अपनाउँछ ।

### महासन्धी अनुमोदन गर्नु भनेको के हो ?

जब कुनै राष्ट्रले महासन्धी अनुमोदन गर्छ, तब सरकारले औपचारिक रुपमा महासन्धीमा उल्लेखित विषयहरुलाई लागु गर्नुपर्छ र आइएलओलाई आवधिक रुपमा यसको प्रगति बारे प्रतिवेदन बुझाउनु पर्दछ ।

### सिफारिस नं. २०१ – यो कसरी महासन्धीसंग सम्बर्नधित छ ?

सन् २०११ को श्रम सम्मेलनले आईएलओको घरेलु श्रम सम्बन्धी सिफारिस नं. २०१ पनि पारित गरेको छ । जसले महासन्धी नं. १८९ लाई सहयोग पुर्‍याउँछ । तर यो अनुमोदनका लागि खुल्ला गरिएको छैन । यो सिफारिसले व्यवहारिक रुपमा आवश्यक कानूनी सहायताका साथै महासन्धीका अधिकार र सिद्धान्त लागु गर्न मद्दत गर्दछ ।

### महासन्धीलाई कसरी लागु गर्न सकिन्छ ?

यो महासन्धी उल्लेखित कानून र नियमलाई आत्मसाथ गरी वा विस्तृत ढंगले लागु गर्न सकिन्छ । घरेलु श्रमिकहरुका लागि आवश्यक विशेष विषयहरु पनि विकास गर्न सकिन्छ । महासन्धीमा भएका विषयहरुलाई प्रगतिशिल ढंगले आत्मसाथ गर्नुपर्दछ ।

# महासन्धी नं. १८९ ले कसलाई समेट्छ ?

**घरेलु श्रम के हो ?**

महासन्धी नं. १८९ मा उल्लेख भए अनुसार घरेलु श्रम भनेको घरमा वा घरको लागि गरिने काम हो । यसभित्र, खाना बनाउने, भाँडा माझ्ने, बच्चा-बृद्धलाई हेर्ने सरसफाई गर्ने, घर कुर्ने, परिवारका लागि गाडी चलाउने, घरपालुवा पशुपंक्षीको हेरचाहर गर्ने जस्ता कामहरु पर्दछन् ।

**घरेलु श्रमिक को हुन् ?**

महासन्धी अनुसार, श्रम सम्बन्धको आधारमा पेशागत रुपमा घरेलु श्रममा संलग्न व्यक्ति घरेलु श्रमिक हुन् ।

पूरा समय वा आंशिक समय, एउटा वा धेरै घर/रोजगारदाता कहाँ काम गर्ने वा रोजगारदाता कहाँ बसेर वा बाहिर बसेर काम गर्ने सबै श्रमिकहरु घरेलु श्रमिक हुन् । घरेलु श्रमिक प्रवासमा काम गर्ने पनि हुनसक्छ ।

सबै घरेलु श्रमिकहरुलाई महासन्धी नं. १८९ ले समेट्छ । तर कुनै देशले केही विषयहरु अस्विकार गर्न पनि सक्छन् ।

**घरेलु श्रमिकको रोजगारदाता को हुन् ?**

घरेलु श्रमिकका रोजगारदाता काम गर्ने घरका सदस्य वा घरेलु श्रमिकलाई काममा लगाई दिने संस्था/एजेन्सीहरु हुन् ।

**महासन्धी लागु गराउन श्रमिक र रोजगारदातासंग सल्लाह गर्नुपर्दछ ?**

महासन्धीमा उल्लेखित प्रवधानहरुलाई लागु गर्न श्रमिक र रोजगारदाताको संख्यात्मक रुपमा धेरैको प्रतिनिधित्व गर्ने संगठनसंग छलफल गर्नुपर्दछ । त्यसै गरी सरकारले घरेलु श्रमिक र घरेलु श्रमिकका रोजगारदाताको प्रतिनिधित्व गर्ने संगठन भएको अवस्थामा संख्यात्मक रुपमा धेरैको प्रतिनिधित्व गर्ने संगठनसंग विषेश गरी चार प्रमुख विषयहरुमा छलफल गर्नुपदर्छ -

क. महासन्धीमा उल्लेख भएका प्रवधानलाई राख्ने वा नराख्ने विषयको पहिचान गर्ने
ख पेशागत सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्डहरु
ग. सामाजिक सुरक्षा सम्बन्धी मापदण्डहरु
घ. घरेलु श्रमिकलाई नीजि एजेन्सीहरुबाट हुने दुर्व्यवहारबाट बचाउने मापदण्डहरु ।

**महासन्धी नं. १८९ का विषयहरुलाई घरेलु श्रमिकले कसरी उपयोग गर्न सक्छन् ?**

महासन्धी नं. १८९ ले घरेलु श्रमिकको आधारभूत अधिकारको प्रत्याभूति गदर्छ, यसले घरेलु श्रमिकहरुको लागि श्रमिकका आधारभूत अधिकार निधार्रण गर्दछ ।

घरेलु श्रमिकले निम्न कामहरु गर्न सक्दछन् -

- महासन्धी अनुमोदन गराउन र लागु गर्न श्रमिकहरुलाई संगठित र परिचालित गरी सरकारलाई सहयोग गर्ने,
- महासन्धीमा उल्लेखित प्रावधान र सिफारिसलाई घरेलु श्रमिकका लागि श्रम कानूनमा परिवर्तन ल्याउन र श्रमिकहरुको काम गर्ने वातावरणमा सुधार ल्याउन प्रयोग गर्नुपदर्छ । चाहे उनीहरु काम गरिरहेको देशले महासन्धी नं १८९ अनुमोदन गरेको होस वा नहोस ।

# महासन्धी नं. १८९ ले समेटेका घरेलु श्रमिकहरु सम्बन्धी न्यूनतम मापदण्ड के हुन् ?

### घरेलु श्रमिकका आधारभूत अधिकारहरु

- घरेलु श्रमिकहरुको मानव अधिकार अभिवृद्धि र रक्षा गर्ने ।
- कामको आधारभूत सिद्धान्त र अधिकारको सम्मान र सुरक्षा -
  - क. संगठित हुन पाउने र सामुहिक सौदावाजी गर्न पाउने अधिकार
  - ख. जबरजस्ती गराइने काम वा बाँधा र बाध्यकारी श्रम अभ्यासको अन्त्य
  - ग. बालश्रमको अन्त्य
  - घ. रोजगारी र पेशामा हुने विभेदको अन्त्य ।
- प्रभावकारी ढंगले सबै किसिमका शोषण, दुरुत्साहन र हिंसाबाट सुरक्षा
- मर्यादित कामको वातावरण र उचित रोजगारी

### रोजगारीका शर्तहरु बारे जानकारी

१. घरेलु श्रमिकहरुलाई कामका शर्तहरु बारे बुझ्िने गरी पूर्व जानकारी गराउनु पर्दछ । कामको शर्तहरु लिखित हुनुपर्दछ ।

### कामको समय

१. घरेलु श्रमिकलाई पनि अरु काम गर्ने श्रमिकहरुलाई जस्तै कामको समय तोकिनु पर्दछ । ओभरटाइमको लागि थप ज्यालाको व्यवस्था हुनुपर्छ । दैनिक, साप्ताहिक आरामको समय उपलब्ध गराउने व्यवस्थाका साथै वार्षिक तलबी विदाको व्यवस्था हुनुपर्दछ ।

२. साप्ताहिक बिदा कम्तीमा २४ घण्टा हुनुपर्दछ ।

३. काम नभएको वा खाली समयको उचीत व्यवस्थापन गर्नुपदर्छ । कामका लागि पर्खिनुपर्ने वा बोलाएको समय काम गर्नुपर्ने भए त्यस्तो अवस्थलाई कार्यसमय भित्र राखिनुपदर्छ ।

### पारिश्रमिक

- यदि श्रमिकहरुलाई न्यून्तम ज्यालाको व्यवस्था छ भने त्यो व्यवस्था घरेलु श्रमिकलाई पनि लागु हुनुपर्दछ ।
- श्रमिकहरुको ज्याला नगदमा दिनु पर्दछ र मासिक रुपमा उनीहरु कै हातमा दिइनुपर्दछ ।
- श्रमिकहरुको ज्याला, कानूनी रुपमा वा सामुहिक सौदावाजीबाट सहमती भएको अवस्थामा मात्र पारिश्रमिक चेक वा जिन्सीको माध्यमबाट दिने व्यवस्था हुनुपर्दछ ।
- श्रमिकको पारिश्रमिक/तलब जिन्सीमा भुक्तान गर्न पाइने तीन शर्तहरु -
  - पूरा पारिश्रमिकको केही भाग मात्र जिन्सीमा दिन पाइने,
  - नगद मूल्य बराबरको सामग्री हुनुपर्ने,
  - वस्तु वा सेवा श्रमिकको व्यक्तिगत हितमा हुनुपर्ने, यसको अर्थ काम गर्दा लगाउने पोशाक अथवा सुरक्षा सामग्रीहरुलाई ज्यालाको रुपमा मानिने छैन, रोजगारदाताले त्यस्ता सामग्री निशुःल्क उपलब्ध गराउनु पर्दछ ।
- नीजि रोजगार एजेन्सीलाई दिइने सेवा शुल्क घरेलु श्रमिकको पारिश्रमिकबाट काटिनु हुँदैन ।

### पेशागत सुरक्षा र स्वास्थ्य

- सुरक्षित र स्वस्थ्य काम गर्ने वातावारणको अधिकार ।
- पेशागत सुरक्षा र स्वास्थ्यको सुनिश्चितता ।

### सामाजिक सुरक्षा

- मातृत्व संरक्षण सुविधा सहितको सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्दछ ।
- सबै श्रमिकहरुले पाउने सुविधा भन्दा कम नहुने गरी समाजिक सुरक्षाको व्यवस्था हुनुपर्दछ ।

महासन्धी नं. १८९

## घरेलु बाल श्रमिक बारेको मापदण्ड

- घरेलु श्रमका लागि न्यून्तम उमेर निर्धारण गरिनु पर्दछ ।
- १५ वर्ष माथि र १८ वर्ष मुनिका घरेलु श्रमिकलाई अनिवार्य शिक्षाको व्यवस्था गर्नुका साथै सीपमूलक वा उच्चशिक्षाको अवसरबाट बञ्चित गराईनु हुँदैन ।

## रोजगारदाताको घरमा बसेर काम गर्ने श्रमिक बारे

- श्रमिकहरुको निजी जीवनको गोपनियता कदर हुने मर्यादित बसोबासको व्यवस्था हुनुपर्दछ ।
- घरमा बस्ने वा नबस्ने भन्ने विषयमा रोजगारदातासंग सहमति गर्ने/नगर्ने हक दिइनु पर्दछ ।
- विदाको समयमा घरमा बस्नु पर्ने वा रोजगारदाताको परिवारसंग बस्न बाध्य बनाउनु हुँदैन ।
- आफ्नो परिचय पत्र र अन्य आवश्यक कागजातपत्र आफैसंग राख्न पाउने अधिकार हुनुपर्छ ।
- काम नभएको बेला कामको लागि बसिरहनुपर्ने विषयमा उपयुक्त नियम बनाईनुपर्दछ ।

## प्रवासी घरेलु श्रमिक बारे मापदण्ड

- घरेलु श्रमका लागि विदेश जानु अधि लिखित रोजगारी सम्झौता पत्र वा श्रमको प्रस्तावमा सहमति हुनुपर्दछ ।
- रोजगारीका शर्तहरु स्पष्ट र बुझिने हुनुपर्दछ, जसमा कामको अन्तसम्मको व्यवस्था उल्लेख हुनुपर्दछ ।
- निजी रोजगार कम्पनिहरुबाट हुने शोषणबाट घरेलु श्रमिकलाई संरक्षणको व्यवस्था हुनुपर्दछ ।
- श्रमिक पठाउने र लिने राष्ट्रहरु बीच समन्वय हुनुपर्दछ, जसले प्रवासी घरेलु श्रमिकहरुका विषयहरु प्रभावकारी ढंगले लागु गराउन सहयोग पुऱ्याउँदछ ।

## निजी रोजगार कम्पनीहरुः गर्नुपर्ने व्यवस्था

- निजी रोजगार कम्पनीको कार्य संचालनको उचीत व्यवस्थापन हुनुपर्दछ ।
- घरेलु श्रमिकहरुको उजुरीको उचीत छानबिनको सुनिश्चितता गर्नुपर्दछ ।
- घरेलु श्रमिकको संरक्षण र दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्नुपर्दछ ।
- शोषण र अन्य दुर्व्यवहार विरुद्ध द्विपक्षिय, क्षेत्रिय र बहुपक्षिय सहमति हुनुपर्दछ ।

## उजुरी व्यवस्थापन र समस्या समाधान

- समस्या परेको बेला उजुरी गर्नका लागि उपयुक्त संरचनाको व्यवस्था र अदालत, न्याधिकारण अथवा अन्य समस्या व्यवस्थापन गर्ने संयन्त्रमा प्रवाभकारी पहुँचको व्यवस्था हुनुपर्दछ ।
- श्रम निरिक्षण प्रणाली सहित राष्ट्रिय कानूनसंग नबाझिने गरी कानून निमार्ण गरी घरेलु श्रमिकको सुरक्षा गर्ने, महासन्धीले घरेलु श्रमिकको अधिकारको साथसाथै रोजगारदाताको परिवारको व्यक्तिगत गोपनियताको अधिकारको सुरक्षाको विषय पनि समावेश गरेको छ ।

**विस्तृत जानकारीका लागि सम्पर्क**

Full text of Convention No. 189 is available at: ttp://www.ilo.org/ilolex/english/convdisp1.htm

Full text of Recommendation No. 201 is available at: http://www.ilo.org/ilolex/english/recdisp1.htm


**नेपाल स्वतन्त्र घरेलु श्रमिक यूनियन**

**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**
मनमोहन मजदुर भवन, पुतलीसडक, पोष्ट बक्स १०६५२ काठमाडौं
टेलिफोन : ४१६८०००, फ्याक्स : ४१६८००१
इमेल : office@gefont.org, वेबसाइट : www.gefont.org